# वेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
बेसीशहर, लमजुङ गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :२०८१ /८२
चलानी नं २३८

मितिः- २०८१/०५/०९

विषयः- बैदेशिक रोजगार सन्तति छात्रबृत्ति कार्यक्रम सम्बन्धमा ।

श्री सम्पूर्ण विद्यालयहरु
बेसीशहर नगरपालिका, लमजुङ

प्रस्तुत विषयमा सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. १८ मिति २०८१/०५/०५ गतेको बेसीशहर नगरपालिकामा प्राप्त भएको पत्र अनुसार "बैदेशिक रोजगार सन्तति छात्रबृत्ति सञ्चालन कार्यबिधि, २०८०" बमोजिम बैदेशिक रोजगारीमा गई मृत्यु भएका वा शत प्रतिशत अशक्त भएका तथा बैदेशिक रोजगार बोर्डको सचिवालयबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका विद्यालयमा अध्ययनरत १८ बर्ष मुनिका श्रमिकका बालबालिकाहरुलाई उपलब्ध गराइने छात्रबृत्ति प्राप्त गर्न योग्यता पुगेका विद्यार्थीहरुलाई सो कार्यक्रममा आबद्ध गर्नका लागि बैदेशिक रोजगार बोर्डको सचिवालयले मिति २०८१/०४/३१ गते उक्त सचिवालयको वेभसाइट www.feb.gov.np मा सूचना प्रकाशन भएको भनि जानकारी प्राप्त भएकाले बिस्तृत बिबरण उक्त सूचनाबाट अवगत गरी २०८१ असोज मसान्तसम्म बेसीशहर नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नका लागि सहयोग गरिदिनहुन सम्बन्धित सम्पूर्ण विद्यालयहरुलाई अनुरोध छ । यस सम्बन्धमा जानकारी प्राप्त गर्नका लागि श्रमदान कल सेन्टरको पैसा नलाग्ने नंबर ११४१ मा कल गर्न सकिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

२०८१/०५/०९

किसान राज चिलुवाल
उप-सचिव